## बैठक नं. ४७

आज मिति २०८१ साल माघ २० गते आईतबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदर्स्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | कार्यपालिका सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |



CamScanner

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री माधव प्रसाद ढकाल | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | वरिष्ठ ईन्जिनियर | श्री बालकृष्ण महर्जन | B.K. |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | वरिष्ठ लेखा अधिकृत सातौ | श्री नरेन्द्र महर्जन | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |
| ५ | अ.छैठौं | श्री अकिल अमात्य | |

**प्रस्तावहरु**

१)समपुरक र विशेष अनुदान सम्वन्धमा।
२)खेलाडी सम्मान सम्वन्धमा।
३)सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा।
४)विविध

निर्णय नं. १

समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भएबमोजिम स्थानीय तहमा उपलब्ध हुने समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आ.व. २०८२/२०८३ मा संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव सहित विवरण तयार गरी पठाउनु पर्ने व्यहोराको राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ को सूचना कार्यपालिका बैठकमा जानकारी भयो । प्रस्ताव सहितको विवरण सबै वडाबाट यही माघ मसान्तभित्र तयार गरी नगरपालिकामा उपलब्ध गराउने तत्पश्चात योजना आयोगमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २

कीर्तिपुर नगरपालिका वडा नं. १ स्थायी निवासी श्री धर्म महर्जन भारतको मुम्बईमा आयोजना भएको अन्तराष्ट्रिय टाटा मुम्बई म्याराथुन २०२५ दौड प्रतियोगितामा सहभागी भई उमेर समूह ५०-५४ मा प्रथम स्थान हासिल गरी स्वर्ण पदक प्राप्त गर्न सफल भई सिंगो देशकै शिर उच्च बनाउन सफल हुनुभएकोले यस नगरपालिकाले पनि गौरव महशुस गरी उहाँलाई ३५,०००।- (रु. पैतीस हजार मात्र) र अन्तराष्ट्रिय खोखो वर्ल्ड कप खेल प्रतियोगितामा दोस्रो स्थान हासिल गर्न सफल भएका वडा नं. २ निवासी खेलका प्रशिक्षक श्री विक्की राज महर्जनलाई रु. १५,०००।- (रु. पन्ध्र हजार मात्र) नगद पुरस्कार सहित २०८१ फागुन ७ गते सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं. ३

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोर कमर्सियल कन्ट्रक्शन एण्ड सप्लायर्स (प्रा.लि.) | श्री सृजना थापा र श्री बिमल खनाल | ५ | वालकुमारी, कीर्तिपुर | |
| २ | यु.एच. नोबेल कन्स्ट्रक्सन. प्रा.लि. | श्री बेल कुमारी वली र श्री उमाकान्त भण्डारी | ५ | कीर्तिपुर | |
| ३ | अधिकारी देवी ईन्जिनियरिङ कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | श्री बिरेन्द्र बहादुर कठायत | ७ | कीर्तिपुर | |
| ४ | एम.के.बि.बिल्डर्स प्रा.लि. | श्री महेन्द्र वि.सी. | ५ | कीर्तिपुर | |
| ५ | प्रिशा आर.एल. कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | श्री सागर कुमार शाह | १० | कीर्तिपुर | |



CamScanner

**निर्णय नं.४**

यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा संरक्षणका लागि वडागत रुपमा अभिलेख तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

बागमती प्रदेश सरकारबाट हस्तान्तरित आ.व. २०८१/८२ कार्यक्रमहरू मध्ये (सशर्त अनुदान चालु तर्फ) कीर्तिपुर सामुदायिक सवलीकरण/निर्माण कीर्तिपुर-९ उल्लेख भएकोमा उक्त योजनाको नाम संशोधन गरी कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र सवलीकरण/निर्माण कीर्तिपुर-९ कायम गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

